

# ८ येशू, नयाँ करारको मध्यस्थकर्ता

<u>*यस अध्यायका मूल पदहरू:*</u> **हिब्रू ७:११-१९, हिब्रू ८:१०-१२, यर्मिया ३१:३१-३४, हिब्रू ८:१-६,** *प्रस्थान २४:१-८, इजकिएल ३६:२६,२७।*

<u>*यस अध्यायको मूल सार पद:*</u> *"तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढ़ी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ। किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ" (हिब्रू ८:६)।*

यस संसारमा आउनुभएर परमेश्वरको स्वरूपमा सिद्धरूपमा जिउनुभएर र हाम्रो ठाउँमा मर्नुभएर, येशू, हाम्रो र परमेश्वरको बीचमा नयाँ र उत्तम करारको मध्यस्थता गर्नुभएको थियो। हाम्रा अपराधहरूले गर्दा पाउनुपर्ने मृत्युदण्ड, उहाँको मृत्युले रद्द गरिएको छ। त्यसको फलस्वरूप उहाँ, नया करारको मध्यस्थकर्ता हुन सम्भव हुनुभएको छ। यो सत्य आत्मज्ञान हिब्रू १०:५-१०मा व्याख्या गरिएको छ। करारको माग अनुसार सिद्ध र पक्का आज्ञाकारी हुनुभएको थियो भनेर येशूको पहिचान ती पदहरूले दिएकाछन्। यसमा भजन ४०लाई प्रतिबिम्बित गरेको छ। यसमा, परमेश्वरको आज्ञालाई पूरा, सिद्ध र पक्का गरि पालन गर्ने उहाँको चाहना जुन मसीहले पूरा गर्नुहुनेछ, उल्लेख गरिएको छः "तब मैले भनें, “म यहीं छु, म आएको छु— धर्मशास्त्रमा मेरो विषयमा यस्तै लेखिएको छ 'हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ'” (भजनसंग्रह ४०:७-८)। "सुरुको सन्दर्भमा यो वाक्य ('तपाईंको इच्छा पालन गर्न') भन्नुको अर्थ परमेश्वरको चाहनालाई नैतिकरूपमा पालन गर्ने भनेर बुझाउँछ। हिब्रूको लेखकले यो वाक्य किन प्रयोग गरेका थिए भने येशूको

बलिले परमेश्वरले स्वीकार्य प्रायश्चितको विधिलाई स्वीकार्नुभएको थियो, जुन पशुबलिले उपलब्ध गराउन सकेको थिएन।"-*द एसडिए बाइबल कमेन्टरी,* ठेली ७, ४६०बाट रूपान्तरित।

पावलको निम्ति यस भजन विशेष महत्त्वपूर्ण छ, किनकि यसमा येशूको मानव अवतारको लक्ष्यलाई उल्लेख गरिएको छ। येशूले नयाँ करारको आज्ञालाई साकार बनाउनुभएको थियो। उहाँ हाम्रो अनुकरणीय उदाहरण हुनुहुन्छ। उहाँको मृत्युलेमात्र होइन, उहाँको सिद्ध आज्ञाकारिताले गर्दा हामी मुक्ति पाएका छौं।

## १. नयाँ करारको आवश्यकता

**परमेश्वर र मानिसको बीचमा नयाँ करार, नयाँ विधि, सम्झौता वा सहमतको आवश्यकता किन पर्‍यो? हेर्नुहोस् हिब्रू ७:११-१९, "११ अब यदि लेवीको पूजाहारी पदद्वारा सिद्धता प्राप्त हुँदो हो त (किनभने यसैको आधारमा मानिसहरूलाई व्यवस्था मिलेको थियो) हारूनको दर्जाबमोजिम नै नभएर फेरि मल्कीसेदेकको दर्जाअनुसार अर्को पूजाहारी खड़ा हुनलाई के जरूरत पर्थ्यो? १२ किनकि पूजाहारी पद बद्लिँदा व्यवस्था पनि बद्लिनैपर्छ। १३ किनकि जसको विषयमा यी कुराहरू भनिएका हुन्, उहाँ त अर्कै कुलका हुनुहुन्छ, जुन कुलबाट कसैले पनि कहिल्यै वेदीमा सेवा गरेको छैन। १४ किनभने यो प्रष्टै छ, कि हाम्रा प्रभु त यहूदाको कुलबाट उत्पन्न हुनुभएको हो। यस कुलको विषयमा पूजाहारीहरूका सम्बन्धमा मोशाले केही पनि भनेका छैनन्। १५ यदि मल्कीसेदेकजस्तै अर्को पूजाहारी खड़ा हुने हो भनेता यो कुरा अझ बढ़ी प्रष्ट हुन्छ, १६ जो पुर्ख्यौंलीसम्बन्धी नियमको आधारमा होइन, तर अविनाशी जीवनका शक्तिको आधारमा पूजाहारी बनेका छन्। १७ किनकि उहाँको गवाही यो छ, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैंभरिको निम्ति पूजाहारी हौ।" १८ किनभने त्यो पहिलो आज्ञाचाहिँ कमजोर र बेकामको भएको हुनाले खारेज भएको छ, १९ (किनकि व्यवस्थाले केही कुरा सिद्ध तुल्याएन) र त्यसभन्दा अझ उत्तम आशा दिइएको छ, जसद्वारा हामी परमेश्वरको नजिक पुग्छौं।"**

जब मल्किसेदेकको दर्जा अनुसार येशूलाई पुजारीको पदमा आसिन गरेको हुनाले नयाँ करारको उद्घाटन भएको थियो भनेर हिब्रूको पुस्तकले आभास दिनेमात्र होइन ठोकुवा पनि गर्दछ। पुरानो करार लेबी वंशको पुरोहितको आधारमा दिइएको थियो (हिब्रू ७:११)। लेबी वंशबाट आएका

पुजारीहरू परमेश्वर र इस्राएलको बीचमा मध्यस्थता गर्दथे। यस व्यवस्था वा विधान अनुसार अरू कोही पनि वंशबाट पुजारी हुने हक थिएन। पुजारीपनको पदको परिवर्तनले पुजारीको विधान वा व्यवस्थामात्र नभएर करारमा समेत परिवर्तन भएको थियो भनेर हिब्रूको लेखकले जिकिर गर्दछन् (हिब्रू ७:१२,१८,१९)।

पुरानो करारले सिद्धता उपलब्ध गराउन सकेको थियन भन्ने धारणा उल्लेखनीय छ (हिब्रू ७:११)। पावलले लेबी पुजारीपन र त्यसले गरिने सेवाकार्यहरूको बारेमा चर्चा गरेका थिए। त्यसमा विभिन्न बलिप्रथाहरू, चाडबाडहरू आदि हुन्। (याद गर्नुहोस्, दश आज्ञाहरूको व्यवस्था वा विधानको बारेमा उनले चर्चा गरेका थिएन, बरु, विभिन्न मानवीय विधिहरूको प्रथाद्वारा परमेश्वरकहाँ पुग्ने प्रावधानको बारेमा पावलले चर्चा गरिरहेका थिए- अनुवादक)। विभिन्न पशुहरूको बलिले परमेश्वरको सत्य मर्मलाई बुझाउन सकेको थिएन, न त पापबाट सफा वा शुद्ध। त्यतिमात्र होइन, पवित्र स्थानमा हुने विभिन्न पशु बलि तथा विधिहरूले मानिसहरू परमेश्वरकहाँ पुग्न नसक्ने भएको थियो (हिब्रू १०:१-४, हिब्रू ९:१३,१४ र हिब्रू १०:१९-२३)।

नयाँ करारको आवश्यकताले गर्दा पुरानो करारमा लागेका इस्राएलप्रति परमेश्वर उचित नठान्नुभएको भन्न खोजिएको होइन। पवित्र स्थानमा लेबीहरूले गर्ने सेवाकार्यले मानिसहरूलाई मूर्तिपूजाबाट सुरक्षित राखेको थियो साथै भविष्यमा हुने येशूको सेवाकार्यलाई औँल्याएको थियो। जेजति बलिका विधिहरू पवित्र मन्दिरमा चलाएका थिए, ती आफै सिद्ध वा पाप धुने खालका नभएर तिनीहरू "आउने असल थोकहरूको छायाँमात्र हुन्" भनेर हिब्रूले जिकिर गर्दछ (हिब्रू १०:१)। विभिन्न पशुबलि र अरू प्रथाहरूले तिनीहरूको आशा, विश्वास र भरोसा येशूतिर औँल्याउन सघाउनुपर्दथ्यो, किनकि उहाँ नै "संसारको पाप उठाइ लाने परमेश्वरको थुमा" हुनुहुन्थ्यो (यूहन्ना १:२९, यशैया ५३)। जब पावलले गलाती ३:२४मा "विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो" वा रोमी १०:४मा "किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ" भनेर उल्लेख गरेका थिए, तब उनले दश आज्ञाहरू होइन तर पवित्र मन्दिरमा गर्ने पाप शुद्ध पार्ने विभिन्न विधिविधान, व्यवस्थाहरू हाम्रो संरक्षक भएका थिए। येशू आउनुभएपछि ती विधिविधानको अन्त्यभएको थियो भन्ने धारणा पावलले स्पष्टरूपमा प्रस्तुत गर्दछन्।

अझ, प्रस्तरूपमा भन्ने हो भने, मानिसहरूले दश आज्ञाहरू जतिसुकै असल र सिद्ध भएपनि त्यसलाई मान्दैमा त्यसले पनि मुक्ति उपलब्ध गराउन सक्दैन (रोमी ३:२०-२८, रोमी ७:१२-१४)। दश आज्ञाहरू सिद्ध धार्मिक मापदण्ड हुन्। तिनीहरूले हामी धर्मी, असल, सफा, शुद्ध, पवित्र छौं कि छैन भनेर औंल्याउँछ। तर, जसरी ऐनामा हेर्‍यो भन्दैमा हाम्रो फोहर अनुहार त्यसले सफा गर्दैन, बरु, हामी फोहरी छौं भनेरमामात्र देखाउँदछ। यदि हामी सिद्ध हुन चाहन्छौं, पक्का धर्मी हुन चाहन्छौं, पवित्र हुन चाहन्छौं, पापबाट शुद्ध हुन चाहन्छौं भनेर हाम्रो बदलिमा बलि हुनुभएको येशूको आवश्यकता छ। (मुक्तिको योजनामा, येशूबिनाको दश आज्ञा शुन्य नै हुन्छ-अनुवादक)।

**व्यवस्थाले हामीलाई किन मुक्ति दिन सक्दैन। हामीले सिद्ध, पक्का र बिना गलत नगरि दश आज्ञाहरू पालन गरेतापनि, त्यसले हामीलाई किन मुक्ति दिन सक्दैन?**

## २. नयाँ र नविकरण

**नयाँ करारको बारेमा हामीलाई के सिकाउँछ भनेर देहायका पदहरू एक आपसमा तुलना गरेर पढ्नुहोस्ः हिब्रू ८:१०-१२सँग पुरानो करारका व्यवस्था र यर्मिया तुलना गरेर पढ्नुहोस्, "१० परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्। ११ 'परमप्रभुलाई चिन÷ भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्। १२ किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ" (हिब्रू ८:१०-१२), "४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख" (व्यवस्था ६:४-६), "११ आज मैले तिमीहरूलाई दिएको आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढ़ो छैन। १२ "हाम्रा निम्ति स्वर्गमा उक्लेर कसले त्यो ल्याइदिएर हामीलाई बताइदिने र हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो स्वर्गमा छैन। १३ "कसले सागर पारि गएर हामीलाई त्यो ल्याइदिएर हामीलाई सुनाइदिने र हामी त्यो पालन**

**गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो सागरको पल्लो छेउमा पनि छैन। १४ तर तिमीहरूले पालन गर्नलाई वचन तिमीहरूको नजिकै छ— तिमीहरूकै मुख र तिमीहरूकै हृदयमा छ। १५ हेर, आज मैले तिमीहरूका अगि जीवन र वृद्धि, अनि मृत्यु र नाश राखेको छु। १६ परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्न, उहाँका मार्गमा हिँड्न, उहाँका आज्ञा, विधि र नियमहरू पालन गर्न म आज तिमीहरूलाई आदेश दिँदछु। तब मात्र तिमीहरू जिउनेछौ, तिमीहरूको वृद्धि हुनेछ, र तिमीहरूले अधिकार गर्न लागेका देशमा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुहुनेछ" (व्यवस्था ३०:११-१६) र "३१ परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोर्‍याएर ल्याएको थिएँ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" ३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ 'परमप्रभुलाई चिन÷ भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ। "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ" (यर्मिया ३१:३१-३४)।**

नयाँ करार भनेको कुनै नयाँ व्यवस्था वा परिमार्जित दश आज्ञाहरू होइन। हिब्रूले यर्मियाको पुस्तकबाटै उतारेर नयाँ करार भनेर सम्बोधन गर्दछ। यथार्थमा भन्ने हो भने, यर्मियाको अनुसार परमेश्वरले वाचा गर्नुभएको नयाँ करार कुनै नयाँ थोक नभएर पुरानै करारको नविकरण वा नयाँ भनेर प्रस्तुत गर्नुभएको थियो। त्यो करार परमेश्वरले मोशाद्वारा पहिलो पल्ट इस्राएलीहरूलाई दिनुभएको थियो (यर्मिया ३१:३१-३४)। हामीले यो जिकिर गर्न सक्दछौं कि यर्मिया ३१मा उल्लेख गरिएको "नयाँ" करार कुनै नयाँ नभएर सुरूकै करारको "नविकरण" भएको थियो। हिब्रू भाषामा नयाँ भन्ने शब्दलाई *हाडशाह (hadashah)* भनिन्छ। त्यसको दुई अर्थ लाग्छ: "नविकरण" र "एकदम नयाँ।"

पुरानो करारमा के समस्या थियो भने मानिसहरूले त्यसलाई भङ्ग गरेका थिए (हिब्रू ८:८,९)। तर, करार आफैको समस्या थिएन न त यसमा कुनै त्रुटी थियो; बरु मानिसहरूमा समस्या थियो र तिनीहरू गलत बाटोमा हिँडेका थिए। यदि इस्राएलीहरूले पवित्र स्थानमा हुने सबै विधिहरूले मसीहलाई औँल्याउँथ्यो भनेर बुझेको भए र उहाँमाथि आस्था र भरोसा राखेको भए, तिनीहरूले त्यो करार भङ्ग गर्ने थिएन। यथोचित्ररूपमा भन्ने हो भने, इस्राएलको इतिहासभरी परमेश्वरप्रति हृदयदेखि विश्वास गर्ने धेरै विश्वासीहरू थिए जसद्वारा करारको प्रतिज्ञालाई पूरा गरेका थिए र परमेश्वरको त्यो करार वा व्यवस्था तिनीहरूको हृदयमा कुँदिएको थियो। हेर्नुहोस्: भजन ३७:३१, भजन ४०:८, भजन ११९:११, यशैया ५१:७।

नयाँ करार पुरानो करारको नविकरण भनिएतापनि, एक तरिकाबाट हेर्ने हो भने त्यो नयाँ नै भन्न पनि मिल्छ। नविकरण भन्दा यर्मियाको निम्ति केवल मरुभूमिमा यात्रा गरिरहेका इस्राएलीहरूलाई सर्तहरू दिएर दोहोऱ्याइएको वा धेरै पल्ट नविकरण गरिएकोमात्र थिएन, जुन तिनीहरू धेरैपल्ट भ्रष्ट भएर परमेश्वरलाई विश्वासघात गर्न पुगेका थिए र त्यस करारलाई तोडेको तोडै गरेका थिए। त्यसले गर्दा परमेश्वरको मन पनि दुखेकै दुखेका थिए। आफ्नोतर्फबाट करारको सर्त नमानेर परमेश्वरबाट भड्केर जाने ती इस्राएलीहरूले रोजेको रोजै गरेका थिए। ती इस्राएलीहरूको मनिस्थिति कस्तो थियो भनेर परमेश्वरले बढो मार्मिक तरिकाले यसरी व्यक्त गर्नुहुन्छ, " १९ नेगेवका सहरहरू थुनिनेछन्, र तिनीहरूलाई उघार्ने कोही पनि हुनेछैन। जम्मै यहूदा कैदमा लगिनेछ, पूर्ण रूपमा कैदमा लगिनेछ। २० आफ्ना आँखा उठाएर ती उत्तर दिशाबाट आउनेहरूलाई हेर्। तिमीहरूलाई भरोसा गरेर दिइएको बगाल, तिमीहरूले घमण्ड गरेको बगाल कहाँ छ? २१ आफ्ना विशेष मित्र बनाउनलाई तिमीहरूले फकाएकाहरूलाई जब तिमीहरूमाथि शासक हुन परमेश्वरले खटाउनुहुन्छ, तब तिमीहरूले के भन्नेछौ? के प्रसववेदनामा परेकी स्त्रीझैं तिमीहरूलाई पीडा हुनेछैन? २२ अनि "यस्ता कुरा किन ममाथि आइलाग्यो" भनेर तिमीहरूले आफ्नो मनमा भन्छौ— तिमीहरूले धेरै पाप गरेको कारणले तिमीहरूको फरिया च्यातियो, र तिमीहरूको शरीरमाथि कुव्यवहार गरियो। २३ के हब्सी वा कूशीले आफ्नो छालाको रङ्ग बद्लन सक्छ र? अथवा के चितुवाले आफ्नो छालाका थोप्ला बद्लन सक्छ र? न त तिमीहरू दुष्ट्याइँ गर्ने बानी बसेकोले भलाइ गर्न सक्नेछौ। २४ "मरुभूमिबाट आएको बतासले उड़ाएको भुसझैं म तिमीहरूलाई तितरबितर पार्नेछु। २५

तिमीहरूको हिस्सा, मैले ठहराएको तिमीहरूको भाग यही हो," परमप्रभु भन्नुहुन्छ, "किनभने तिमीहरूले मलाई बिर्सेका छौ, र झूटा देवताहरूमा भरोसा राखेका छौ। २६ म तिमीहरूको फरियाहरू तिमीहरूको मुखसम्मै उचालिदिनेछु, र यसरी तिमीहरूको लाज देखिनेछ। २७ तिमीहरूले डाँड़ाहरू र मैदानहरूमा गरेका तिमीहरूका घिनलाग्दा कामहरू— तिमीहरूका व्यभिचार, तिमीहरूको कामोद्दीपनको हिनहिनाइ, तिमीहरूको लाजमर्दो वेश्यावृत्ति मैले देखेको छु। हे यरूशलेम, तँलाई धिक्कार! त कहिलेसम्म यसरी अशुद्ध बस्ने?" (यर्मिया १३:१९-२७ रूपान्तरित)।

त्यसकारण, परमेश्वरले "नयाँ थोक" (यर्मिया ३१:२२) गर्नेछु भनेर प्रतिज्ञा गर्नुभएको थियो। उहाँले बाँध्नुहुने करार "तिनीहरूका पूर्खाहरूसँग गरेको जस्तै" (यर्मिया ३१:३२) हुनेछैन। मानिसहरूले परमेश्वरलाई गद्दारी गरेको हुनाले वा विश्वासघात गरेको हुनाले उहाँले मोशाद्वारा गर्नुभएको करारका प्रतिज्ञाहरू कहिल्यै पनि पूरा भएको थिएन। अब, येशूको जमानत वा ग्यारेन्टको गुणले गर्दा (हिब्रू ७:२२), परमेश्वरले उहाँको करारलाई पूरा गर्नुभएको थियो। परमेश्वरले उहाँको व्यवस्था वा दश आज्ञाहरूलाई परिवर्तन गर्नुभएको थिएन न त उहाँले मानव प्राणीको उच्चतम हितको निम्ति उहाँको स्तर वा मापदण्ड, वा आदर्श मार्ग; बरु, आफ्नो पुत्रलाई पठाउनुभएर करारका प्रतिज्ञाहरू पूरा गर्न उहाँ जमानत वा ग्यारेन्टीको रूपमा स्थापना गर्नुभएको थियो (हिब्रू ७:२२, ६:१८-२०)। त्यसैकारण, यस करारमा कुनै श्रापहरू छैनन्। यसमा केवल आशिषहरूमात्रै छन् किनभने येशूले परिपक्करूपमा पूरा गर्नुभएको थियो। उहाँ नै हाम्रो निम्ति श्राप हुनुभएको थियो (गलाती ३:१३)।

**२ तिमोथी २:१३ पढ्नुहोस्। आफ्ना जनहरूप्रति परमेश्वरको विश्वसनियता र उहाँका योजनाहरू के छ भनेर त्यस पदले हामीलाई के सिकाउन सक्छ? यसैलाई मध्यनजर राखेर हाम्रो सम्बन्ध र योजनाहरू अरूहरूको सामु कसरी प्रस्तुत गर्दछौं? हेर्नुहोस्, "हामी अविश्वासी छौं भनेपनि, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकि उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न।"**

## ३. नयाँ करारमा उत्तम मध्यस्थकर्ता हुनुहुन्छ

**हिब्रू ८:१-६ अनुसार येशू किन करारको सबैभन्दा उत्तम मध्यस्थकर्ता हुनुहुन्छ? हेर्नुहोस्, "१ अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका**

**सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। २ मानिसले होइन, तर परमप्रभुले खड़ा गर्नुभएको पवित्रस्थान, साँचो पवित्र वासस्थानमा उहाँ सेवक हुनुहुन्छ। ३ किनकि हरेक प्रधान पूजाहारी भेटी र बलिदान चढ़ाउन नियुक्त भएका हुन्छन्। यसकारण यी प्रधान पूजाहारीसँग पनि अर्पण गर्ने केही सामग्री हुनु आवश्यक छ। ४ उहाँ यस पृथ्वीमै हुनुहुँदो हो त उहाँ पूजाहारी हुनुहुने नै थिएन, किनभने व्यवस्थाबमोजिम भेटी चढ़ाउने पूजाहारीहरू त छँदैछन्। ५ तिनीहरूले स्वर्गीय पवित्रस्थानको नकल र छायाको सेवा गर्दछन्, किनकि मोशाले पवित्र वासस्थान बनाउन लाग्दा परमेश्वरको यस्तो आदेश पाएका थिए, "पर्वतमा तिमीलाई देखाइदिएको नमूनाबमोजिम तिमीले सब थोक बनाउनू।" ६ तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढ़ी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ। किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ।"**

ग्रीक शब्द *मिसाट्स mesitēs* जसको अर्थ हो मध्यस्थकर्ता हो जुन शब्द *मेसोस mesos* ("बीच") भन्ने शब्दबाट आएको हुन्छ। यसको अर्थ कोही मानिस बीचबाट हिँड्ने वा बीचमा उभिने भन्ने जनाउँछ। यो प्राविधिक शब्द हो। जो मानिसले देहायका एक वा दुई कामहरू पूरा गर्छन् त्यसलाई मध्यस्थकर्ता भनिन्छः (१) दुई वा बढी समूहहरूको बीचमा भएको झगडालाई छिनोफानो गर्न निर्णायक भूमिका खेल्ने, (२) सम्झौता गर्ने व्यक्ति वा व्यापारमा बिचौलिया हुने, (३) कानुनी रूपमा भन्ने हो साछी, वा (४) कोही मानिस जमानत वा ग्यारेन्टीको रूपमा उभिएर सहमत भएको बुँदालाई कार्यान्वयन गर्ने व्यक्ति। हिब्रू शब्दको *mesitēs मिसाइटस* अङ्ग्रेजीमा "मध्यस्थकर्ता" भनेर राम्रोसँग अनुवाद गर्न सकिन्दैन किनभने यसले ग्रीक शब्दको केवल दुई वा तीनवटा अर्थहरूकोमात्र प्रयोग गरिएको हुन्छ। तर, हिब्रू भाषा यस शब्दको चौथो अर्थलाई जोड दिइन्छ। पिता र मानव जगतको बीचमा भएको कचकच वा झगडा छिनाउन, दुई दलहरूको बीचमा भएको एक आपसी अनमेल वा असमझदारीलाई मिलाउन, दुई दलहरूको बीचमा भएको सम्झौताको साछी हुन वा दुई समूहहरूलाई खुशी पार्ने काम गर्न येशू "मध्यस्थकर्ता" हुनुभएको थियो भनेर सोच्नु मनासिब छैन। बरु, हिब्रू भाषामा व्याख्या गरिएको अनुसार येशू नयाँ करारको ग्यारेन्टी वा जमानत हुनुभएको छ (हिब्रू ७:२२)। हिब्रू भाषामा "मध्यस्थकर्ता" भन्ने शब्द "ग्यारेन्टी दिने वा जमानत बस्ने" शब्दको बराबरी हो। करारमा गरिएका प्रतिज्ञाहरू पूरा हुन उहाँले ग्यारेन्टी गर्नुभएको छ वा उहाँ त्यसको लागि जमानत हुनुभएको छ।

नयाँ करारको स्थापना येशूको मृत्युले सार्थकता वा वास्तविकता हुन गएको छ, किनभने इस्राएलसँग (र अदनमा भएका प्रथम् मानव प्राणीहरूसँग) गरिएको पहिलो करार वा सम्झौताको दावी उहाँद्वारा संतुष्ट पारिएको छ। इस्राएलीहरूले तिनीहरूको तर्फबाट त्यो करारलाई तोडेका थिए (हिब्रू ९:१५-२२)। अर्को अर्थ वा कानुनीरूपमा भन्ने हो भने, इस्राएलीहरूले भङ्ग गरेका कराहरूको अभिभारा वा दायित्व येशू आफैले बोक्नुभएर जमानत वा ग्यारेन्टिकर्ता हुनुभएको छ। अझै अर्को अर्थमा भन्ने हो भने, जब येशूलाई स्वर्गमा उचालिएर सिंहासनमा बसालियो, तब मानव जगतलाई परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू उहाँद्वारा पूरा हुने ग्यारेन्टी वा जमानत हुन पुग्नुभएको छ (हिब्रू ६:१९,२०)। परमेश्वरका प्रतिज्ञाहरू येशूले सत्यसाबित गरेर देखाउनुभएकोले उहाँ हामीलाई करारको ग्यारेन्टी हुनुभएको छ। जब येशूलाई पुनरुत्थान गरिएर परमेश्वरले उहाँलाई आफ्नो दाहिने हाततर्फ बसालिदिनुभयो, तब पिताले पनि हामीलाई पुनरुत्थान गर्नुभएर येशूसँगै उहाँकहाँ ल्याउनुहुनेछ भनेर उहाँ वचनबद्ध हुनुभएको थियो। मोशाभन्दा येशू अति उत्तम मध्यस्थकर्ता हुनुभएको थियो किनभने येशूले स्वर्गिकै पवित्र स्थानमा हाम्रो निम्ति सेवाकार्य गरिरहनुभएको छ। उहाँ आफै पनि हाम्रो निम्ति सिद्ध बलि हुनुभएको थियो (हिब्रू ८:१-५, हिब्रू १०:५-१०)। मोशाको अनुहारले परमेश्वरको महिमाको प्रतिबिम्ब गरेको थियो (प्रस्थान ३४:२९-३५) भने, येशू आफै परमेश्वरको महिमा हुनुहुन्छ (हिब्रू १:३, यूहन्ना १:१४)। मोशाले परमेश्वरसँग मुखामुख गरेर कुरा गर्नुभएको थियो (प्रस्थान ३३:११), तर येशू आफै नै परमेश्वरको वचन हुनुहुन्थ्यो र त्यो वचनले मानव जीवन धारण गरेका थिए (हिब्रू ४:१२,१३; यूहन्ना १:१-३,१४)।

**हो, करारले माग गरेको अनुसार आज्ञाकारी हुनुभएर ख्रीष्टले त्यसको संतुष्टी पूरा गर्नुभएको थियो अर्थात् करारको माग उहाँले पूरा गर्नुभएको थियो। यस आत्मज्ञानको ज्योतिको सामु, हाम्रै जीवनमा आज्ञाकारी हुनुको भूमिका कस्तो हुनुपर्दछ, र यो अझै पनि किन जरुरत वा महत्त्वपूर्ण छ?**

## ४. नयाँ करारमा उत्तम प्रतिज्ञाहरू गाँसिएका छन्

मानवीय दृष्टिकोणले नयाँ करारमा "उत्तम प्रतिज्ञाहरू" छन् भनेर सोच्दछौं। तर, यसमा पाइने इनामहरू पुरानो करारको भन्दा महान् छन् भन्ने सोच्नुपर्दछ। अनन्त जीवन, स्वर्गको भूमि आदिका प्रतिज्ञाहरू नयाँ करारमा गाँसिएका छन्। सत्य कुरा गर्ने हो भने, जुन इनामहरू परमेश्वरले हामीलाई

अहिले प्रतिज्ञा गर्नुभएको छ त्यही इनामहरू पुरानो करारका भक्तहरूलाई पनि प्रदान गरिएको थियो। उदाहरणमा, "८ विश्‍वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्‍वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्‍वर नै हुनुहुन्छ।...१३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्‍वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्‍वर तिनीहरूका परमेश्‍वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ" (हिब्रू ११:८-१०, १३-१६)। हिब्रू ८:६मा चर्चा गरिएका "उत्तम प्रतिज्ञाहरू" भन्दा अर्कै खालका प्रतिज्ञाहरूको बारेमा भन्न खोजिएको छ।

परमेश्‍वर र इस्राएलको बीचमा भएको करारमा परमेश्‍वर र इस्राएलको बीचमा भएका प्रतिज्ञाहरू औपचारिकरूपमा अनुमोदन गरिएको थियो। परमेश्‍वर आफै अघि सरेर इस्राएलीहरूलाई मिश्र देशबाट उद्धार गर्नुभएको थियो र प्रतिज्ञा गरिएको भूमिमा डोऱ्याउँदै लाने उहाँले बाचा बाँध्नु भएको थियो।

**प्रस्थान २४:१-८ र हिब्रू १०:५-१० एक आपस तुलना गरेर पढ्नुहोस्। त्यहाँ उल्लेख गरिएका प्रतिज्ञाहरूमा के समान छन् र भिन्नता पनि छन्? हेर्नुहोस्, "१ फेरि उहाँले मोशालाई भन्नुभयो, "तिमी, हारून, नादाब, अबीहू र इस्राएलका धर्म-गुरुहरूमध्ये सत्तरी जना परमप्रभुकहाँ माथि उक्लेर आओ, र टाढ़ैबाट आफ्नो भक्ति चढ़ाओ। २ तर मोशा मात्र परमप्रभुकहाँ आओस्, अरूहरूचाहिँ नजिक नआऊन्। मानिसहरू पनि त्योसित माथि उक्लेर नआऊन्।" ३ जब मोशाले गएर परमप्रभुका सबै कुरा र विधिविधानहरू मानिसहरूलाई सुनाए, तब तिनीहरू सबैले एकै सोर गरी भने, "परमप्रभुले**

**भन्नुभएका सबै वचनहरू हामी पालन गर्नेछौं।" ४ तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे। बिहान सबेरै उठेर मोशाले पर्वतको पल्लो छेउमा एउटा वेदी बनाएर इस्राएलका बाह्र कुलअनुसार बाह्र वटा ढुङ्गाका खम्बा उभ्याए। ५ तब तिनले इस्राएलका जवानहरूलाई पठाए, र तिनीहरूले परमप्रभुको निम्ति होमबलि र साढ़ेहरूको मेलबलि चढ़ाए। ६ मोशाले आधा रगत लिएर कचौरामा हाले, र आधा रगतचाहिँ वेदीमा छर्के। ७ त्यसपछि तिनले करारको पुस्तक लिएर मानिसहरूका सामुन्ने पढ़े। तिनीहरूले जवाफ दिए, "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं।" ८ तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ" (प्रस्थान २४:१-८) र "५ यसकारण संसारमा आउनुहुँदा ख्रीष्टले भन्नुभयो, "बलि र भेटीहरू तपाईंले चाहनुभएन, तर तपाईंले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ। ६ होमबलि र पापबलिहरूमा तपाईं प्रसन्न हुनुहुन्न। ७ तब मैले भने, 'हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिएजस्तै तपाईंकै इच्छा पूरा गर्न म आएको छु÷।" ८ पहिले उहाँले भन्नुभयो, "बलि र भेटीहरू, होमबलि र पापबलिहरू तपाईंले चाहनुभएन। तपाईं तिनीहरूमा प्रसन्न हुनुभएन।" (यी त व्यवस्थाबमोजिम चढ़ाइन्छन्।) ९ अनि पछिबाट भन्नुभयो, "हेर्नुहोस्, तपाईंकै इच्छा पूरा गर्न म आएको छु। "दोस्रोलाई स्थापित गर्न पहिलोचाहिँ उहाँले खारेज गर्नुहुन्छ। १० त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं" (हिब्रू १०:५-१०)।**

परमेश्वर र इस्राएलको बीचमा भएको करारलाई पशुको रगतले अनुमोदन गरेको थियो। पशुको रगत बेदीमा र बेदीमुनि र बाऱ्ह खम्बाहरूमा छर्केको थियो। बेदीले परमेश्वरको प्रतिनिधित्व गर्छ भने, बाऱ्ह खम्बाहरूले मानिसहरूको प्रतिनिधित्व गरेको थियो। परमेश्वरले बोल्नुभएको सबै वचनहरू इस्राएलका मानिसहरूले पालन गर्छौं भनेर कबुल गरेका थिए। उहाँले बोल्नुभएको वचन पालन गर्नुनै उहाँले गर्नुभएको प्रतिज्ञा पूरा गर्नु थियो।

"अनन्त जीवन पाउने सर्त जुन अहिले छ त्यो सधैं थियो,-त्यो सर्त अदनको बगैंचामा हाम्रा प्रथम पूर्खाको सामु राखिएको थियो,- त्यो थियो परमेश्वरको व्यवस्थालाई यताउती नगरि पूर्णरूपमा पालन गर्नु। यो सिद्ध वा परिपक्व धार्मिकताको आदर्श मापदण्ड थियो। यदि त्यस सर्तभन्दा तल ओर्लेर अनन्त जीवन प्रदान गरियो भने तब सारा जगतको खुशियाली खतरामा

पर्दथ्यो। यसले गर्दा पापको निम्ति ढोका खोलिन्थ्यो, र यो सँगै सबै दुःखकष्ट, पीडा, सङ्कष्ट आदि अनन्तकालसम्म रहिरन्थ्यो।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ६२बाट रूपान्तरित।

नयाँ करारले माग गरेका मागहरू सबै पूर्णरूपले पालन वा पूरा गरुन् भन्ने परमेश्वरको चाहना हो। यदि तिनीहरूलाई पालन गऱ्यौं भने परमेश्वर हामीदेखि संतुष्ट हुनुहुनेछ। उहाँले आफ्नो आफ्नै पुत्र हाम्रो निम्ति दिनुभयो र पक्का र सिद्ध जीवन बिताउनुभयो ताकि करारमा गरिएका प्रतिज्ञाहरू उहाँद्वारा पूरा होउन् र त्यही पूर्णता हामीलाई दिन कबुल गर्नुभएको छ। तर, त्यसमा हकदार हुन् हामीले येशूमाथि विश्वास र आस्था राख्नुपर्दछ। येशूको आज्ञाकारिता नै करारमा गरिएका प्रतिज्ञाहरूको ग्यारेन्टी वा जमानत थियो (हिब्रू ७:२२)। यसले करारमा उच्चारण गरिएका परमेश्वरका आशिषहरू येशूलाई उहाँले दिनुहुन्छ, अनि ती आशिषहरू उहाँबाट हामीले प्राप्त गर्छौं। हो, जो मानिसहरू "येशूमा" छन् तिनीहरूले उहाँसँगै ती आशिषहरूको उपभोग गर्नेछन्। दोस्रोमा, परमेश्वरले हामीलाई उहाँको पवित्र आत्मा दिनुहुन्छ। व्यवस्थालाई पालन गर्न पवित्र आत्माले हामीलाई शक्तसम्पन्न गराउनुहुन्छ।

**करारका सर्तहरू ख्रीष्टले पूरा गर्नुभएको थियो; त्यसैकारण, परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू हामीमा पूरा हुनुमा कुनै शङ्का छैन। यसले २ कोरन्थी १:२०-२२मा उल्लेख गरिएको प्रतिज्ञा तपाईंको निम्ति कस्तो अर्थपूर्ण हुनसक्छ? यसमा हामी सबैको निम्ति के अचम्मको आशा पाइएको छ? हेर्नुहोस्, "२० किनकि परमेश्वरका सबै प्रतिज्ञाहरू उहाँमा "हो" हुन्छ। यसैकारण उहाँद्वारा परमेश्वरका महिमाको निम्ति हामी "आमेन" भन्छौं। २१ तर हामीलाई तिमीहरूसँग ख्रीष्टमा दह्रिला पार्नुहुने र हामीलाई अभिषेक गर्नुहुने परमेश्वर नै हुनुहुन्छ। २२ उहाँले हामीमाथि आफ्नो छाप लाउनुभएको छ, र हाम्रा हृदयमा बैनाको रूपमा पवित्र आत्मा दिनुभएको छ।**

## ५. नयाँ करारले हृदयको समस्यालाई सुल्झाउँछ

**देहायका पदहरू एक आपसमा तुलना गर्दै पढ्नुहोस्। ती पदहरूमा नयाँ करारका प्रतिज्ञाहरू कसरी दिएका छन् र एक आपसलाई कसरी पुष्टि गरिएको छ? हेर्नुहोस्, यर्मिया ३१:३३ "परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्।" र इजकिएल ३६:२६,२७ "२६ म**

**तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। २७ अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु।"**

पहिलो करारको दस्तावेज परमेश्वर आफैले ढुङ्गाका पाटीहरूमा लेख्नुभएको थियो। तिनीहरू करारको सन्दुकभित्र राखिएको थियो। आफ्ना जनहरूको सामु परमेश्वरको करार थियो भनेर महत्त्वपूर्ण साक्षीको रूपमा प्रस्तुत गरिएको थियो (प्रस्थान ३१:१८, व्यवस्था १०:१-४)। कागजपत्र वा दस्तावेजहरू पत्थरमा लेखिएको च्यातिन सक्छ वा फुटाउन सक्छ; यर्मियाले कागज, चर्मपत्र वा पातका मुट्ठाहरूमा लेखेका सन्देशहरूलाई राजाले च्यातचुत पारेर जलाइ दिएका थिए (यर्मिया ३६:२३)।

अव कुनै भौतिक सामग्रीमा होइन, तर अब नयाँ करारमा, मानिसहरूका हृदयहरूमा परमेश्वरले उहाँको व्यवस्था लेखिदिने उहाँले कबुल गर्नुभएको थियो। हृदय भन्नु नै दिमाग हो। यसमा समझशक्तिको अङ्ग छ र यसमा कुँदिएका सामग्रीहरू केलाएर बुझ्न सकिन्छ (यर्मिया ३:१५, व्यवस्था २९:४)। मानव दिमागमा चेतना वा विवेक छ, जसले गर्दा मानिसले के गर्ने के नगर्ने आदि निर्णय गर्न सक्छ (यर्मिया ३:१०, यर्मिया २९:१३)।

परमेश्वरले गर्नुभएको हृदयमा लेखिने उहाँको व्यवस्था केवल मानिसको हृदयमा ज्ञानलाई सुरक्षित राख्नेमात्र होइन। यसले मानिस र सारा राष्ट्रको विवेक वा हृदयमा परिवर्तन पनि ल्याउन सक्छ। दिमागमा कुँदिएको परमेश्वरको व्यवस्थाको महत्त्वपूर्ण पक्ष नै पाप र अधर्मले गर्दा विथोलिएको मानिसको दिमागलाई सफा गरेर उसलाई नयाँ बनाउनु हो। इस्राएलीहरूको ठूलो समस्या थियो। तिनीहरूको पाप तिनीहरूको हृदयमा "फलामको कलमले खोपिएको थियो" भन्दै यर्मियाले मानव हृदयलाई यसरी भन्डाफोर गर्दछन्, "'यहूदाको पाप फलामको औजारले कुँदिएको छ। त्यो तिनीहरूका हृदयको पाटीमा र तिनीहरूका वेदीका सीङहरूमा चकमक पत्थर वा हिराको टुप्पाले खोपिएको छ" (यर्मिया १७:१)। तिनीहरू हठी वा अटेरी थिए, "यी दुष्ट मानिसहरू, जसले मेरो वचन सुन्न इन्कार गर्छन्, जसले आफ्नो-आफ्नो हृदयमा अटेरी गरेर अन्य देवताहरूको सेवा र पूजा गर्न जान्छन्, तिनीहरू यही पटुकाजस्तै हुनेछन्, जो पूरै बेकामको भएको छ!" (यर्मिया १३:१०) र यर्मिया २३:१७ "मलाई अवहेलना गर्नेहरूलाई तिनीहरू निरन्तर भन्छन्, 'परमप्रभु

भन्नुहुन्छ, तिमीहरूलाई शान्ति हुनेछ÷। र अटेरी गरी आफ्नै मनको हठीपनमा हिँड्नेहरूलाई तिनीहरू भन्छन्, 'तिमीहरूमाथि कुनै नोक्सानी हुनेछैन÷" (यर्मिया २३:१७)। मानिसहरू आआफ्नै दिमाग वा सोच अनुसार जे ठिकछ वा छैन भनेर निर्णय गर्ने भएकोले परमेश्वरको चाहना अनुसार जे उचित, न्यायी, र ठिक छ सो गर्न तिनीहरूलाई असम्भव भएको छ। मानिसहरू धर्मात्मा छौं, असल छौं, सम्पन्न छौं भनेर दावी गर्छन् तर हठी भएकोले तिनीहरूलाई परमेश्वरले तिनीहरूको फरिया च्याटेर तिनीहरूको नाङ्गोपना देखाउनुभएको यसरी व्यक्त गर्नुहुन्छ, "२२ अनि "यस्ता कुरा किन ममाथि आइलाग्यो" भनेर तैंले मनमा भन्छस्— तैंले धेरै पाप गरेको कारणले तेरो फरिया च्यातियो, र तेरो शरीरमाथि कुव्यवहार गरियो। २३ के कूशीले आफ्नो छालाको रङ्ग बद्लन सक्छ र? अथवा के चितुवाले आफ्नो छालाका थोप्ला बद्लन सक्छ र? न त तँ दुष्टयाइँ गर्ने बानी बसेकोले भलाइ गर्न सक्नेछ" (यर्मिया १३:२२-२४) (बाइबलमा इस्राएली राष्ट्र, मानिसहरू, चर्चलाई महिलाको संज्ञा दिइएको छ)।

याद गर्नुहोस्, यर्मियाले व्यवस्थामा परिवर्तन भएको थियो भनेर घोषणा गरेका छन्, किनभने इस्राएलको समस्या व्यवस्था वा दश आज्ञाहरूमा होइन तर तिनीहरूको हृदय थियो। परमेश्वरले तिनीहरूलाई के गर्नुभयो सोप्रति आभारित भएर तिनीहरू उहाँको व्यवस्थाप्रति बफादार होस् र त्यसै अनुसार चल्न तिनीहरूले निर्णय गरोस् भन्ने अपेक्षा उहाँले गर्नुभएको थियो। यसरी उहाँले इतिहासलाई सम्झाएर दश आज्ञाहरू दिनुभएको थियो (प्रस्थान २०:१,२)। परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुहुन्छ र तिनीहरूलाई भलो गर्न उहाँ उत्सुक हुनुहुन्छ भन्ने आत्मज्ञान ती दश आज्ञाहरूमा व्यक्त गरिएको छ। इस्राएलीहरूको सर्वोच्च हित परमेश्वरले गर्नुहुन्छ भन्नेकुरालाई महसुस गरेर नै तिनीहरू उहाँको व्यवस्था पालन गरुन् भन्ने उहाँको चाहना थियो। ती दश आज्ञाहरूमा परमेश्वरले ती इस्राएलीहरूलाई मिश्रदेशबाट कसरी महान् तरिकाबाट उद्धार गर्नुभयो सो प्रकट गरिएको छ। परमेश्वरसँगको सम्बन्धको वास्तविकता प्रकट गर्न र उहाँप्रति आभारित भएको देखाउन तिनीहरूले उहाँको आज्ञा पालन गर्नुपर्दथ्यो।

परमेश्वरको त्यो चाहना अहिले पनि त्यही हो। येशूको प्रेम र हाम्रो निम्ति उहाँ क्रुसमा मर्नुभएको नै नयाँ करारको परिचय थियो (लूका २२:२०)। यदि कसैले परमेश्वरलाई हृदयदेखि प्रेम गर्दछ भने, त्यसलाई व्यक्त गर्न उसले हृदयदेखि नै सच्चारूपले उहाँको व्यवस्था पालन गर्दछ (मत्ती

२२:३४-४०)। विश्वासीको हृदयमा पवित्र आत्माको उपस्थित छ भनेर देखाउने विशेष लक्षण नै उसको हृदय प्रेमबाट परिचालित भएको छ भनेर देखाउँछ। उहाँको आत्माद्वारा उहाँको प्रेम हामीमा खनाउनुहुन्छ (रोमी ५:५)। त्यो प्रेम हामीमा छ भनेर देखाउन हामीले पनि उहाँबाटै प्रेम गर्ने बरदान पाउँदछौं (गलाती ५:२२)।

**पौराणिक इस्राएलले खीष्टको मृत्युको बारेमा जानकारी नभइकनै परमेश्वरलाई प्रेम गर्नुपर्दथ्यो। तर अहिले हामीलाई येशूको प्रेमको बारेमा प्रसस्त जानकारी छ। त्यस सन्दर्भमा, तिनीहरूले भन्दा हामीले परमेश्वरले किन बढ्ता प्रेम नगर्ने? हामीमा परमेश्वरको प्रेमको वास्तविकतालाई प्रकट गर्न उहाँको आज्ञाहरूलाई मानेर कसरी देखाउँछौं?**

## उपसंहारः

**थप जानकारीः** "यदि परमेश्वरको स्वरूपमा हाम्रा हृदयहरू नविकरण गरिएको छ भने, यदि हाम्रो प्राणमा ईश्वरीय प्रेम रोपेको छ भने, के परमेश्वरको व्यवस्थालाई हाम्रो जीवनमा बोकेर हिंड्नै र वा पालन गर्दैनौं र? जब प्रेमको नीति मानव हृदयमा रोपिन्छ, जब उनलाई सृष्टि गर्नेको स्वरूपमा मानिस नविकरण गरियो भने, तब नयाँ करारको प्रतिज्ञा उसमा पूरा भएको हुन्छ, 'ती दिनपछि तिनीहरूसँग बाँध्ने मेरो करार यही हो, परमप्रभु भन्नुहुन्छ, तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु" (हिब्रू १०:१६)। यदि परमेश्वरको व्यवस्था हाम्रो हृदयमा लेखिएको छ भने, त्यसले हाम्रो जीवनको सम्पूर्ण आयामहरूले परमेश्वरको चाहना अनुसारको रूप वा आकारमा परिणत हुँदैन र? आज्ञाकारी हुनु नै-प्रेम र सेवाको पक्षमा उभिरहेको छ भनेर प्रमाणित गर्दछ-यो नै सच्चा र परिपक्व चेला पनिको सही चिन्ह हो। परमेश्वरको वचनले यही भन्दछ, 'यो नै परमेश्वरको प्रेम हो, जब हामी उहाँका आज्ञाहरू पालन गर्दछौं।' 'जो मानिसले परमेश्वरलाई चिनेको छ भनेर दावी गर्छ, तर उहाँका आज्ञाहरू पालन गर्दैन, तब ऊ फताहामा गनिन्छ, र उसको जीवनमा सत्यले बास गर्दैन' (१ यूहन्ना ५:३,२:४)। येशूलाई विश्वास गऱ्यो भन्दैमा हामी दश आज्ञाहरूबाट स्वतन्त्र भयौं (जसमा नमार्नु, नढाँट्नु, लोभ नगर्नु आदि पनि समावेश भएको छ) भनेर दावी गर्ने होइन बरु विश्वास, विश्वासैलेमात्र खीष्टका अनुग्रहमा हामीहरू सहभागी हुन सक्छौं। त्यसरी उहाँको अनुग्रहमा हामी सहभागी हुन सक्यौं भने, त्यसले परमेश्वरको आज्ञा पालन गर्न हामीलाई सक्षम् बनाउँदछ।...

"जति जति तपाईं येशूको नजिक आउनुहुन्छ, त्यति त्यति तपाईंको आँखाको सामु तपाईंको कमजोर र दोषहरू देखा पर्दछ; तपाईंको हेर्ने आँखा सफा हुन्छ, र तपाईंको असिद्धतपना झन खुला भएको तपाईंले पाउनुहुनेछ र येशूको सिद्ध स्वभावको सामु तपाईं बिपरित भएको पनि तपाईंले पाउनुहुनेछ। सैतानका छलकपटहरूको नियन्त्रण निस्क्रिय भयो भन्ने त्यसले प्रमाणित गर्दछ; त्यसले यो पनि देखाउँदछ कि परमेश्वरको आत्माको जोशिलो प्रभावले तपाईंको आत्मा वा प्राणलाई जगाइरहेको छ।

"जसले आफ्नो पाप कस्तो गम्भिर छ भनेर महसुस गर्दैन त्यसको हृदयमा येशूको प्रेम गहिरो गरि गाभिएको हुँदैन। जो प्राण ख्रीष्टको अनुग्रहले आमूल परिवर्तन गर्दछ, उसले उहाँको ईश्वरीय स्वभावलाई भावविभोर भएर वा मुक्तकंठले प्रशंसा गरिरहेको हुन्छ; तर यदि हामीमा नैतिकता कतिको कमजोर र ऱ्हास भएको छ भनेर हामीले देख्दैनौं भने, हामीमा ख्रीष्टको सौन्दर्यता र श्रेष्ठतालाई हामीले हेरिरहेकाछैनौं भन्ने बलियो प्रमाण प्रस्तुत गरिरहेका हुन्छौं।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. ६०,६४,६५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटका भनाइहरूको बारेमा सोच्नुहोस्। जति हामी येशूको नजिक आउँछौं, त्यति हामीहरूको आँखाकै सामु हामी पापी देख्छौं रे, यद्यपि, हामीमा भएका कमीकमजोरी, पाप र खोटहरूको महसुस भयो भन्दैमा हामी विचलित भएर परमेश्वरप्रतिको आस्थालाई छोड्नुहुन्न भन्ने कसरी सिक्ने?

आ. परमेश्वरको व्यवस्था हाम्रा हृदयहरूमा खोपिएको छ भन्ने धारणाको बारेमा अझ बढि सोच्नुहोस्। येशूभक्तको आत्मिक जीवनमा त्यसको अर्थ के हो? यस प्रकारको आत्मज्ञानको सत्यको अनुभवले "जडसूत्रवाद", "आज्ञाहरू पालन गरे वा धर्मकर्म गरे मुक्ति पाइन्छ", "विधिवाद", "परम्परावाद" जस्ता मनस्थितिहरूबाट हामी कसरी उम्किने? त्यस खालको आज्ञाकारिता केवल "मरेका कामहरू" हुन् भनेर पावलले जिकिर गर्दछन् (हिब्रू ९:१४)।

## कथा ८
## अचम्मको बस
## जेलिन्दो जावो ले, ४२



टिमोर-लेस्टको ४२ वर्षिय व्यापारी जेलिन्डोले आफ्नो देशमा चलाउन धुम्रपानरहित बस चलाउन प्रभुसँग यो प्रार्थना गरे, "प्रभु मैले धुम्रपान, मद्यपान, चिया, कफी खान छोडें, तर मेरा मानिसहरू अझै पनि ती कुलतमा लागिरहेकाछन्। धुम्रपानरहित बस म किन्न चाहन्छु ताकि मानिसहरू त्यसमा यात्रा गर्न सकुन्। एक दिन, उनले इन्डोनेशियाको सुराबायमा रहेकी बहिनीलाई त्यस खालको बसको मोल सोधे। बसको मोल प्रायजसो डलर ३५,००० परेपनि डलर ३१,५००को बस भेट्टाएँ भनेर उनले खबर पठाइन्। उनले आफ्नो दाजु फर्डिनान्डोलाई यो खबर सुनाए र उनले डलर १०,००० दिने कबुल गरे। जेलिन्डोले पहिलो डलर १५,००० तिर्नुपथ्यो। आफ्नो वचतबाट त्यो पैसा बसको निम्ति पठाए र तीन महिनापछि अर्को डलर ६,५०० पठाए। आफ्नो दाजुको पैसाले आफ्नो देशको राजधानी डिलीमा त्यो बस उनले झिकाए। आइतबारको दिन बस आयो भनेर उनले खबर पाए र आफ्नो दाजुको पैसासाथ त्यो बस लिन जान सुरसार कसे। त्यस रात उनी र उनकी श्रीमतीले आफ्नो पसलको आम्दानी गने। प्रायजसो तिनीहरूको हप्ताको आम्दानी डलर १०,००० देखि १३,००० हुन्थ्यो तर त्यस दिन तिनीहरूको डलर २८,००० भएको थाहा पाए। जेलिन्डो र उनका श्रीमती एकआपसमा हेराहेर भए। भोलिपल्ट बिहान आफ्नो दाजुसँग पैसाको कुरा गर्दा त उनले दिन नसक्ने असमर्थ जनाए। जेलिन्डो हाँसे। प्रभुले उनलाई सहयोग गरिसकेको थियो भनेर उनले थाहा पाएका थिए। बसको निम्ति पूरा पैसा दिन उनीसँग पैसा थियो। उनले बसको नाउँ नै मुक्ति राखे र टापुभरि त्यो बस लोकप्रिय भयो। गर्भवति, आमाहरू र बालबालिकाहरूले त्यस बसमा यात्रा गर्न थाले। त्यसमा धुम्रपानमात्र मनाहि गरेको थिएन, यात्रा गर्दा आराधनाका गीतहरूपनि बजाउँथ्यो। प्रकाश १४ को सन्देशसहित येशूको आगमनको बारेमा बसको ढोकामा ठूलो पर्चा टाँसेको थियो। "मानिसहरूले बसलाई धेरै मनपराए। कोही पनि धुम्रपान गर्न नपाउने भएकोले मानिसहरूले त्यस बसप्रति

खुशी भयो," जेलिन्डोले सुनाए। पुलिसले पनि त्यो बसलाई अनुमोदन गरेका थिए। एक दिन पुलिस अफिसर त्यस बसको स्टेशनमा आएर अरू बसका ड्राइभरलाई त्यो मुक्तिको बसको उदाहरण अनुसार चल्नुपर्छ भनेर सुनाए। त्यही खालको बस अरू जिल्लाहरूमा पनि चलाउन मानिसहरूले जेलिन्डोलाई अनुरोध गरे। दोस्रो बसको निम्ति आफू प्रार्थना गरिरहेको उनले तिनीहरूलाई सुनाए। उनको सक्रियतामा पाँच जना मानिसहरू बप्तिस्मा लिन तयार भए। "प्रभुले मेरो व्यापारमा आशिष दिइरहनुभएको छ। बस र मेरो पसलबाट मानिसहरूलाई प्रभुतिर डोर्‍याउनु पाएकोमा म उहाँको प्रशंसा गर्दछु," खुशी भएर जेलिन्डले यस लेखक आन्ड्र्युमेकचेस्नेलाई सुनाए।

*लेखक: टिमोर-लेस्ट*